## बैठक संख्या – १२

आज मिति २०८२/०९/२९ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय पारित गरियो।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २ | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ३ | श्री नारद सिंह उर्याल | सदस्य | |
| ४ | श्री दुर्गा प्रसाद चौधरी | सदस्य | |
| ५ | श्री विर बहादुर खड्का | सदस्य | |
| ६ | श्री ईन्द्र बहादुर खड्का | सदस्य | |
| ७ | श्री गौरी देवी पाध्या | सदस्य | |
| ८ | श्री हर्कमती पाध्या | सदस्य | |
| ९ | श्री तारा देवी गिरी | सदस्य | |
| १० | श्री बसन्ती सुनार | सदस्य | |
| ११ | श्री चेतराम माली | सदस्य | |
| १२ | श्री मिना सुनार | सदस्य | |
| १३ | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या- १२/ २०८२-०८३/मिति २०८२/०९/२९ गते

प्रस्ताव नं. १ करार र ज्यालादारी सम्झौता नवीकरण नगर्ने सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं.१ माथि छलफल गर्दा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०६/०५ गतेको बैठकको निर्णय तथा अर्थ मन्त्रालय सिंहदरबार, काठमाण्डौं को पत्र संख्या २०८२/०८३ मिति २०८२/०६/०७ को च.नं ११८, श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८२/०८३ मिति २०८२/०६/०८ को च.नं ११३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनि निर्णय भए बमोजिम बेलडाँडी गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दी बाहेक कार्यरत करार तथा ज्यालादारी कर्मचारी र प्रक्रिया नपुर्याई नियुक्ति गरिएका तपशिलका कर्मचारीहरुको मिति २०८२/१०/०१ गते देखी करार सम्झौता नवीकरण नगर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

तपशिल-

| | | | |
|---|---|---|---|
| १ | बागम्बरी गिरि (सा.प.) | १५ | ईन्द्रा कुमारी खड्का (वा.वि.सं.) |
| २ | फुल कुमारी राना (सा.प.) | १६ | कर्ण बहादुर धामी (ह.स.चा.) |
| ३ | सिता कुमारी विष्ट (सा.प.) | १७ | बासुदेव भट्ट (हे.स.चा.) |
| ४ | प्रेम थापा क्षेत्री (सा.प.) | १८ | सुरेश सुनार (हे.स.चा.) |
| ५ | कृष्ण कुमार रोकाया (सा.प.) | १९ | पदम बहादुर खड्का (हे.स.चा.) |
| ६ | सावित्री पण्डित (सहजकर्ता) | २० | पुष्पा थापा (का.स.) |
| ७ | कमला रेग्मी (सहजकर्ता) | २१ | पुष्पा बुढा (का.स. भूमी) |
| ८ | ललित बहादुर शाहु (का.स.) | २२ | गोमा देवी चौधरी स्वीपर |
| ९ | लोक बहादुर बलायर (भूमी ज्या) | २३ | साधुराम राना ल्या अ (स्वास्थ्य तर्फ) |
| १० | मोतिराम बुढा (भूमी ज्या) | २४ | रघुनाथ राना ल्या अ (स्वास्थ्य तर्फ) |
| ११ | गणेश बुढा (का.स.) | २५ | पार्वती देबी चौधरी स्वीपर (स्वास्थ्य तर्फ) |
| १२ | प्रकाश बहादुर विष्ट (का.स.) | २६ | प्रेम सागर बडायक (का.स.आँखा) |
| १३ | खिमा कुमारी बुढा (का.स.५) | २७ | नरेन्द्र बहादुर बुढा का स (स्वास्थ्य तर्फ) |
| १४ | गोपिलाल चौधरी (का.स.४) | २८ | जमुना गिरी (स्वीपर) (स्वास्थ्य तर्फ) |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २९ | दिनेश चौधरी (का.स.३) | ३६ | प्रकाश चौधरी (स्वीपर) (स्वास्थ्य तर्फ) |
| ३० | तुलसी देवी बडवाल (का.स.१) | ३७ | प्रियंका साउँद(स्वीपर ज्याला)(स्वास्थ्य तर्फ) |
| ३१ | हिमा भाट देवी (माली) | ३८ | चेतन बुढा (एम्बुलेन्स चालक) |
| ३२ | हिमा चुनारा (स्वीपर) | ३९ | नरेश राना (स्वास्थ्य तर्फ |
| ३३ | यज्ञ खड्का (भूमी ज्यालादारी २) | ४० | गणेश बहादुर बस्नेत (स्वास्थ्य तर्फ) |
| ३४ | उर्मिला खड्का अनमी (Covid) | ४१ | पदम राज जैशी (अमिन) |
| ३५ | मनिषा टेर अनमी (Covid) | ४२ | लक्ष्मी बुढा थापा स्वीपर (स्वास्थ्य तर्फ) |

प्रस्ताव नं. २ करार सम्झता थप गर्ने सम्बन्धमा ।

निर्णय नं. २: प्रस्ताव नं.२ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दीमा स्वास्थ्य संस्था लगायत विभिन्न शाखामा कार्यरत तथा प्रक्रिया पुराएर नियुक्त गरिएका कार्यक्रम करारका कर्मचारीहरुको मिति २०८२ माघ १ गते देखी २०८३ असार मसान्त सम्मका लागि करार सम्झौता नवीकरण गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३ दैनिक तथा माशिक ज्यालादारीमा आवश्यक कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा ।

निर्णय नं. ३: प्रस्ताव नं.३ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण , २०८२ अनुसार पालिकाको स्वीकृत दरबन्दीमा नबढ्ने गरि कार्यालयको अति आवश्यक कामलाई मध्यनगजर गर्दै कार्यालय सहयोगी, सफाई कर्मचारी, चौकीदार र माली तथा सवारी चालकलाई प्रक्रिया पुर्याएर करार बाट पदपूर्ति नहुँदा सम्मको लागि कार्यालयमा कार्यरत कर्मचारीलाई नै माशिक तथा दैनिक ज्यालादारीमा नियुक्ति गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ४ स्थानीय मलखाद समितिको संयोजक तोक्ने सम्बन्धमा ।

निर्णय नं. ४: प्रस्ताव नं.४ माथि छलफल गर्दा स्थानीय मलखाद व्यवस्थापन समितिको संयोजक पालिकाको उपाध्यक्ष रहने प्रावधान भएता पनि हाल उपाध्यक्ष निलम्बन रहेको अवस्था भएको हुँदा अर्को व्यवस्था नहुँदा सम्म समितिलाई निरन्तरता दिई काम गर्नका लागि बेलडाँडी गाउँपालिकाका पालिका अध्यक्ष श्री हरिशचन्द्र रानालाई स्थानीय मलखाद व्यवस्थापन समितिको संयोजक तोक्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ५ आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाका विभिन्न वडा अन्तर्गत भूवा पर्व र माघी मिलन कार्यक्रम संचालनमा सहयोगार्थ स्वरुप प्रत्येक कार्यक्रमका लागि रु.६०,०००/- का दरले सहयोग प्रदान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ६ क्रिकेट प्रतियोगितामा भएको खर्च भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकामा पालिका स्तरीय क्रिकेट प्रतियोगिता संचालन भएको तर बजेट अपर्याप्तताका कारण प्रत्येक वडाका खेलाडीहरुको टिम दर्ता र जर्सी खरीदमा रकम अपुग भएकोले एउटा वडाको रु.५००० का दरले ५ वटै वडाका टिम दर्ता बापतको रकम रु.२५,०००/- र एउटा वडाको रु.१७०००/- का दरले ५ वटै वडाको जर्सी खरीद खर्च रु.८५,०००/- गरि जम्मा रु.१,१०,०००/- रकम भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो।

प्रस्ताव नं. ७ अख्तियारी दिने सम्बन्धमा ।

निर्णय नं. ७: प्रस्ताव नं.७ माथि छलफल हुँदा कृपाराम उपाध्याय, पुनरावेदक बेलडाँडी गाउँपालिका समेत विपक्षी भई मान्य प्रशासकीय अदालतमा चलिरहेको मुद्धा नं. ०८२-AC-०१२६ को मुद्धामा मान्य अदालत बाट बेलडाँडी गाउँपालिका समेतको नाममा मिति २०८२/०७/२७ मा भएको अन्तरकालीन आदेश बदर गरि पाउन यस बेलडाँडी गाउँपालिका समेतको तर्फबाट मान्य प्रशासकीय अदालतमा निवेदन दिन जिल्ला कञ्चनपुर बेलौरी नगरपालिका वडा नं.१० घर भई हाल जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. २९ बस्ने केशव दत्त जोशीको छोरा वर्ष २५ को सन्दिप जोशी (ना.प्र.प.नं.०७५-०१-७७-०६१६५) लाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ म्याद थप सम्बन्धमा ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल हुँदा बेलडाँडी गाँउपालिका वडा नं ४ बैवाह चौराहा देखी चन्द्र बहादुर खत्रीको घरसम्म सडक कालोपत्रे गर्ने कार्य ठेक्का नं. BRM/2081/082/works/SQre-10 को म्याद २०८२/०६/३० मा समाप्त भएको र उक्त निर्माण व्यवसायीले मिति २०८२/०६/२३ गते म्याद थप गरिपाँउ भनि निवेदन पेश गरेको र नीजले पेश गरेकोम्याद थप गर्नुपर्ने कारण मनासिव लागेकोले उक्त कार्यको यहि मिति २०८२/१२/३० सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner